जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०५७३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १५५ पृष्ठः ४ | २०८३ असोज २५ आइतबार (Sunday 11 Oct. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## विद्युतको तार सर्ट हुँदा दुई ठाउँमा आगलागी, चार पशुचौपाया जलेर मरे



**मणिलाल विश्वकर्मा**

लहान, २४ असोज। विद्युतीय तार सर्ट हुँदा सिरहाको गोलबजार नगरपालिका–३, जमदह चोरपाने र विष्णुपुर गाउँपालिका–४, बथान टोलमा छुट्टाछुट्टै भएको आगलागीमा चार पशुचौपाया जलेर मरेका छन्।

विष्णुपुर गाउँपालिका– ४, बथान टोलमा शुक्रबार बिहान करिब डेढ बजेतिर स्थानीय वीरेन्द्र यादवको बाँसको भित्ता र फुसको छानो भएको गाईगोठ र भान्साघरमा विद्युतको तार सर्टको कारणले आगलागी हुँदा दुई गोरु र एक भैंसी जलेर मरेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार आगलागी भएको खबर पाएलगत्तै प्रहरी चौकी बेलहाबाट प्रहरी हबल्दार उमेश पहाडीको कमान्डमा खटिएको प्रहरी टोली र स्थानीय बासिन्दाको सहयोगमा पौने ३ बजेतिर आगो नियन्त्रणमा लिइएको हो। आगलागीमा भैंसी र गोरु जलेर मर्नुका साथै भान्सामा रहेको अन्नपात, भाँडावर्तन जलेर नष्ट हुँदा करिब पाँच लाख रुपैयाँबराबरको क्षति भएको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

त्यस्तै, गोलबजार नगरपालिका–३ स्थित नेवारकुनी चोरपाने गाउँका गंगाबहादुर सुनुवारको घरगोठमा शुक्रबार मध्यरातमा विद्युतीय मिटरमा सर्ट हुँदा भएको आगलागीमा एउटा गोरु जलेर मरेको छ भने अर्को गोरु घाइते रहेको गोलबजार प्रहरीले जनाएका छ।भुइँतलामा गोरु र माथिल्लो तलामा सुनुवार बस्ने जस्ताले छाएको दुईतले घरको आगलागीमा भएको क्षतिको पूर्ण विवरणसहितको घटनास्थल मुचुल्का उठाएर फर्किएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख प्रहरी निरीक्षक दीपक खरेलले जानकारी दिए। उनका अनुसार आगलागीमा गोरु जलेर मर्नुका साथै अन्नपात, भाँडावर्तन जलेर नष्ट हुँदा करिब एक लाख ८० हजार रुपैयाँबराबरको क्षति भएको छ।

–बाँकी दुई पेजमा

## सशस्त्रका एआईजी दाहाललाई परे बर्खास्तीमा




सिरहा, २४ असोज। सशस्त्र प्रहरी बलका एआईजी बंशीराज दाहाललाई बर्खास्त भएको छ। शुक्रबार गृह मन्त्रालयले आचरणविपरीत कार्य गरेको भन्दै एआईजी दाहाललाई बर्खास्त गरेको हो। उनलाई सेवाबाट हटाउने निर्णय भएको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी गरेको विज्ञप्तीमा उल्लेख गरेको छ।

गृह मन्त्रालयले जारी गरेको सूचनामा भनिएको छ, 'सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक श्री वंशीराज दाहालले आचरणसम्बन्धी कुरा बराबर उल्लंघन गरेको, बराबर अनुशासनहीन काम गरेको र नेपाल सरकार वा आफू कार्यरत संगठनको मान प्रतिष्ठा एवं छविमा आँच पुऱ्याउने कार्य गरेको कसुरमा मिति २०८३/०६/२३ गतेबाट लागू हुने गरी सशस्त्र प्रहरी सेवाबाट हटाउने गरी विभागीय कारवाही गरिएको बेहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।'

–बाँकी दुई पेजमा

## संरक्षणमा ध्यान नदिए भावि पुस्ताले गम्भीर असर भोग्नुपर्नेछ : पूर्वराष्ट्रपति यादव



काठमाडौं, २४ असोज। पूर्वराष्ट्रपति डा. रामवरण यादवले विश्वव्यापी जलवायु परिवर्तन र वातावरणीय संकटप्रति विश्वका शक्ति राष्ट्रदेखि नेपालका राजनीतिक नेतृत्व गम्भीर नभएको गुनासो गरेका छन्। शनिबार काठमाडौंमा नेपाल मधुमेही समाजको ३६औं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै डा. यादवले वैज्ञानिक प्रमाणहरूले बारम्बार चेतावनी दिँदा पनि नीति निर्माण तहमा रहेका नेतृत्वले यसलाई सामान्य रूपमा लिनु वा 'झुट' भन्नु दुर्भाग्यपूर्ण भएको टिप्पणी गरे।

'दुःखको कुरा विश्वका केही नेताहरूले जलवायु परिवर्तनसम्बन्धी वैज्ञानिक प्रतिवेदनलाई समेत अस्वीकार गर्दै यसलाई झुटो भन्ने गरेका छन्। जबकि संयुक्त राष्ट्रसंघका वैज्ञानिकहरूले जलवायु परिवर्तनका जोखिमबारे निरन्तर चेतावनी दिँदै आएका छन्,' उलने भने। पूर्वराष्ट्रपति

–बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं**

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विपद्को समयमा एक–आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## चाडपर्वमा सिरहाको शान्ति सुरक्षा, सबैको साझा जिम्मेवारी

दशैं, तिहार र छठ नेपाली समाजका महत्वपूर्ण चाडपर्व हुन्। यी पर्वले आपसी सद्भाव, सामाजिक एकता र पारिवारिक सम्बन्धलाई बलियो बनाउँछन्। तर, चाडपर्वको समयमा बजारमा बढ्ने भीडभाड, सवारीसाधनको चाप, चोरी, लुटपाट, झैझगडा तथा मादक पदार्थ सेवन गरी सवारी चलाउने जस्ता घटनाले शान्ति सुरक्षामा चुनौती थप्न सक्छन्। त्यसैले सिरहा जिल्लामा चाडपर्वलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सम्बन्धित निकायले विशेष सतर्कता अपनाउन आवश्यक छ।

सिरहाका लहान, गोलबजार, मिर्चैया, सिरहा सदरमुकामलगायतका प्रमुख बजारमा चाडपर्वका बेला किनमेल गर्ने सर्वसाधारणको चहलपहल बढ्छ। बजारमा हुने भीडभाडलाई मध्यनजर गर्दै नेपाल प्रहरीले नियमित गस्ती, सादा पोसाकमा निगरानी, ट्राफिक व्यवस्थापन तथा संवेदनशील क्षेत्रमा सुरक्षा उपस्थिति बढाउनुपर्छ। बैंक, वित्तीय संस्था, सुनचाँदी पसल, बसपार्क र सार्वजनिक यातायातका साधनमा विशेष निगरानी राख्नु पनि उत्तिकै आवश्यक छ।

सीमावर्ती जिल्ला भएकाले सिरहामा सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रण गर्नु अर्को महत्वपूर्ण जिम्मेवारी हो। नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र स्थानीय प्रशासनबीच प्रभावकारी समन्वय हुन सकेमा चोरी, तस्करी तथा अन्य गैरकानुनी गतिविधि नियन्त्रण गर्न सहयोग पुग्नेछ। साथै, पटाका तथा विस्फोटक पदार्थको अवैध प्रयोग, जुवातास र मादक पदार्थ सेवनबाट उत्पन्न हुन सक्ने समस्याप्रति पनि सम्बन्धित निकाय सचेत हुनुपर्छ।

शान्ति सुरक्षा कायम गर्ने दायित्व प्रहरी र प्रशासनको मात्र होइन। नागरिकले पनि आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ। सवारी नियम पालना गर्ने, अपरिचित व्यक्तिसँग आर्थिक कारोबार गर्दा सतर्क रहने, सामाजिक सञ्जालमा भ्रामक सूचना नफैलाउने तथा कुनै शंकास्पद गतिविधि देखिएमा प्रहरीलाई जानकारी गराउने बानी विकास गर्नुपर्छ। समुदाय, नागरिक समाज, सञ्चारमाध्यम र स्थानीय तहबीच सहकार्यले सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन सक्छ।

चाडपर्व सुरु हुनुअघि नै सुरक्षा योजना सार्वजनिक गरी नागरिकलाई आवश्यक जानकारी दिनुपर्छ। प्रहरीको सम्पर्क नम्बर सजिलै उपलब्ध गराउनु, उजुरीमा छिटो प्रतिक्रिया दिनु र पीडितलाई सहयोग गर्नु प्रशासनको दायित्व हो। रातिको समयमा सुनसान सडक, बजारका गल्ली तथा ग्रामीण बस्तीमा गस्ती बढाउनुपर्छ। मेला, पूजा, जात्रा र छठघाटमा भीड व्यवस्थापन, प्राथमिक उपचार तथा आपत्कालीन उद्धारको तयारी पनि हुनुपर्छ। स्थानीय पालिकाले सडकबत्ती, सीसीटीभी र सार्वजनिक सूचना प्रणालीको अवस्था जाँच्न सक्छन्। सुरक्षा व्यवस्था प्रभावकारी भएमा व्यापारी, यात्रु, महिला, बालबालिका र ज्येष्ठ नागरिकले ढुक्क भएर पर्व मनाउन पाउनेछन्। सुरक्षाकर्मीको व्यवहार नागरिकमैत्री हुनुपर्छन अनावश्यक दुःख दिने होइन, भरोसा जगाउने र जोखिम घटाउने उद्देश्यले काम गर्नुपर्छ।

चाडपर्वको वास्तविक खुसी भयमुक्त वातावरणमा मात्र सम्भव हुन्छ। त्यसैले सिरहाको शान्ति सुरक्षालाई प्राथमिकतामा राख्दै सुरक्षा निकायले निष्पक्ष, सक्रिय र जिम्मेवार भूमिका निर्वाह गर्नुपर्छ। नागरिकको सहयोग र प्रशासनको प्रभावकारी कार्यसम्पादनबाट मात्रै सिरहामा चाडपर्वलाई शान्तिपूर्ण, सुरक्षित र सौहार्दपूर्ण बनाउन सकिन्छ।

### *विद्युतको तार ...*

**विंगरमा आगलागी**

प्रहरीका अनुसार बिहीबार बिहान करिब पौने ४ बजेतिर धनगढीमाई नगरपालिका– १०, श्यामपुर टोलमा घरअगाडि पार्किङ गरेर राखिएको विंगरमा अचानक आगलागी भएको छ। स्थानीय देवकुमार यादवले आफ्नो घरअगाडि पार्किङ गरी राखेको ना. १ ज ७०७२ नम्बरको विंगरमा आगलागी भएको हो।

आगलागीको खबर पाएलगत्तै इलाका प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरी टोली र स्थानीय बासिन्दाको सहयोगमा बिहान सवा ४ बजेतिर आगो निभाइएको प्रहरीले जनाएको छ। पार्किङमा राखिएको विंगरमा अकस्मात् कसरी आगलागी भयो भन्ने विषयमा अनुसन्धान भइरहेको जानकारी दिँदै प्रहरीले विंगर आंशिक रूपमा जल्दा करिब अढाई लाख रुपैयाँबराबरको क्षति भएको जनाएको छ।

### *सशस्त्रका एआईजी ...*

एआईजी दाहालविरुद्ध छानबिन गर्न गृह मन्त्रालयले सशस्त्र प्रहरीकै अर्का एआईजी अञ्जनी पोखरेललाई जिम्मा दिएको थियो। गृहले गत सोमबार एआईजी दाहाललाई निलम्बन गर्दै जाँचबुझ समितिलाई तीन दिनभित्र प्रतिवेदन बुझाउन भनेको थियो। एआईजी दाहालले आचरणविपरितका गतिविधि गरेको निश्कर्षसहितको प्रतिवेदन बिहीबार साँझ एआईजी पोखरेलले गृह मन्त्रालयमा बुझाएका थिए।

# नेपालमा मानसिक स्वास्थ्य दिवसको यात्रा र अबको बाटो



पदमराज जोशी

मानसिक स्वास्थ्य मानिसको जीवन, सम्बन्ध, निर्णय, काम र समग्र कल्याणसँग जोडिएको आधारभूत मानवीय आवश्यकता हो। तर, हाम्रो समाजमा लामो समयसम्म मानसिक स्वास्थ्यलाई खुलेर छलफल गर्ने विषयका रूपमा स्वीकार गरिएन। मानसिक समस्या देखिनुलाई कमजोरी ठान्ने, उपचार खोज्नुलाई लज्जाको विषय बनाउने र मनोवैज्ञानिक समस्यालाई केवल व्यक्तिगत इच्छाशक्तिसँग जोडेर हेर्ने प्रवृत्ति व्यापक रहयो। यस्तो सामाजिक परिवेशमा मानसिक स्वास्थ्यबारे जनचेतना फैलाउनु, भ्रम चिर्नु र सहयोग खोज्न सक्ने वातावरण निर्माण गर्नु सजिलो काम थिएन।

यही पृष्ठभूमिमा नेपालमा मानसिक स्वास्थ्यसम्बन्धी सचेतना अभियानलाई निरन्तरता दिने प्रयासहरू महत्त्वपूर्ण बने। सन् २००७ देखि नेपालमा विश्व मानसिक स्वास्थ्य दिवस मनाउने अभियानको सुरुआत "परिवर्तनशील विश्वमा मानसिक स्वास्थ्यः संस्कृति र विविधताको प्रभाव" नारा र त्यसलाई अगाडि बढाउन साथी तथा सहकर्मीहरूसँग गरेको पहल यस यात्राको एउटा उल्लेखनीय पक्ष हो। सन् २००७ "परिवर्तनशील विश्वमा मानसिक स्वास्थ्यः संस्कृति र विविधताको प्रभाव" नारा देखि सन् २०२६ "जीवनका वास्तविक अनुभवलाई सुनौँः वास्तविक आवाज, वास्तविक परिवर्तन" नारा यो केवल एउटा दिवस मनाउने कार्यक्रम थिएनन मानसिक स्वास्थ्यबारे समाजमा संवाद सुरु गर्ने, मनोविज्ञानलाई जनजीवनसँग जोड्ने र मानिसलाई आफ्ना समस्या व्यक्त गर्न प्रोत्साहित गर्ने प्रयास थियो।

**सानो पहल, ठूलो सन्देश**

सन् २००७ मा विश्व मानसिक स्वास्थ्य दिवस मनाउने अभियानको सुरुआत म (पदमराज जोशी) र सहकर्मीहरू मनोविज्ञान विभागका प्रमुख सञ्जेश श्रेष्ठ, त्रिभुवन विश्वविद्यालयका पूर्वविभागीय प्रमुख तथा मनोविज्ञान परामर्श कार्यक्रम (एमसीपी)का पूर्व संयोजक डा. खेमराज भट्ट, त्रिभुवन विश्वविद्यालयको चिकित्सा शास्त्र अध्ययन संस्थानका सहायक प्राध्यापक डा. सुरज शाक्य तथा त्रिभुवन विश्वविद्यालय, :बलबकधभ र एकथअजयनिथ ल्भउबर्ब लगायत सहकार्यमा विश्वविद्यालय परिसरमा मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रम आयोजना गरेको सम्झना यस अभियानको महत्त्वपूर्ण सुरुआती प्रसङ्ग हो। उक्त कार्यक्रममा १५७ जना सहभागीलाई मानसिक स्वास्थ्यसम्बन्धी सचेतना तथा स्क्रिनिङ सेवामा समेटिएको थियो।

त्यो समयलाई आजको दृष्टिले हेर्दा, १५७ जना सहभागी हुनु एउटा सामान्य संख्या जस्तो लाग्न सक्छ। तर, मानसिक स्वास्थ्यबारे खुलेर बोल्न हिचकिचाउने सामाजिक वातावरणमा यस्तो कार्यक्रम आयोजना गर्नु आफैँमा अर्थपूर्ण थियो। यसले मानसिक स्वास्थ्यसम्बन्धी जानकारी, प्रारम्भिक पहिचान र सहयोग खोज्ने संस्कृतिको आवश्यकता औँल्यायो।

मेरा लागि मानसिक स्वास्थ्य दिवस एउटा वार्षिक औपचारिकताभन्दा बढी सामाजिक जिम्मेवारीको विषय रहँदै आएको छ। वरिष्ठ मनोवैज्ञानिक, मानसिक स्वास्थ्य पैरवीकर्ता, चिकित्सकीय सहयोग प्रदान गर्ने थेरापिस्ट तथा प्रमाणित सुपरभाइजरका रूपमा व्यावसायिक यात्राले पनि मानसिक स्वास्थ्यलाई व्यक्तिको समस्या मात्र नभई परिवार, समुदाय र राज्यको साझा सरोकारका रूपमा हेर्नुपर्ने आवश्यकता देखाउँछ।

मानसिक स्वास्थ्यको क्षेत्रमा काम गर्ने व्यक्तिहरूका लागि सबैभन्दा महत्वपूर्ण कुरा मानिसको पीडालाई सुन्नु हो। हरेक मानिसको पीडाको पृष्ठभूमि फरक हुन्छ। कसैलाई आर्थिक अभावले तनाव दिएको हुन्छ, कसैलाई पारिवारिक द्वन्द्वले, कसैलाई पढाइ वा रोजगारीको दबाबले र कसैलाई हिंसा, विभेद, एक्लोपन वा प्रियजन गुमाउनुको पीडाले। त्यसैले मानसिक स्वास्थ्य सेवामा व्यक्तिलाई दोष दिनुभन्दा उसको अवस्था बुझ्ने, सम्मान गर्ने र आवश्यक सहयोग उपलब्ध गराउने दृष्टिकोण आवश्यक हुन्छ।

**नेपालको मानसिक स्वास्थ्यका प्रमुख चुनौती**

नेपालमा मानसिक स्वास्थ्यको आवश्यकता र उपलब्ध सेवाबीच अझै ठूलो दूरी छ। मानसिक स्वास्थ्यसम्बन्धी ज्ञान र सेवाको विस्तार भए पनि धेरै मानिसले आवश्यक समयमा उपयुक्त सहयोग पाउन सकेका छैनन्। यसका केही प्रमुख कारणलाई गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्छ।

**पहिलो चुनौती, कलङ्क र विभेद**

मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका व्यक्तिलाई कमजोर, असामान्य वा सामाजिक रूपमा अस्वीकार्य ठान्ने सोच अझै विद्यमान छ। यस्तो व्यवहारले मानिसलाई आफ्नो समस्या लुकाउन बाध्य बनाउँछ। परिवारले पनि सामाजिक प्रतिष्ठामा असर पर्ने डरले समस्या स्वीकार नगर्न सक्छ। परिणामस्वरूप, उपचारमा ढिलाइ हुन्छ र पीडा थप जटिल बन्न सक्छ। मानसिक स्वास्थ्य समस्या हुनु व्यक्तिको नैतिक कमजोरी होइनन् उचित सहयोग र उपचारबाट धेरै समस्यामा सुधार सम्भव हुन्छ भन्ने सन्देश समाजमा स्थापित गर्नुपर्छ।

**दोस्रो चुनौती, सेवामा असमान पहुँच**

गुणस्तरीय मनोवैज्ञानिक परामर्श, मनोचिकित्सकीय सेवा र पुनःस्थापनाका अवसर सबै नागरिकलाई समान रूपमा उपलब्ध छैनन्। सहरी क्षेत्रमा समेत खर्च, समय र सेवाबारे जानकारीको अभाव बाधक बन्न सक्छ भने दुर्गम क्षेत्रमा दक्ष जनशक्ति र नियमित सेवाको कमी अझ गम्भीर हुन सक्छ। मानसिक स्वास्थ्य सेवा आर्थिक अवस्था वा भौगोलिक अवस्थाका कारण कसैले गुमाउनुपर्ने स्थिति अन्त्य गर्न आवश्यक छ।

**तेस्रो चुनौती, जनशक्ति र संस्थागत क्षमताको अभाव**

मानसिक स्वास्थ्य सेवाका लागि मनोचिकित्सक मात्र पर्याप्त हुँदैनन्। क्लिनिकल मनोवैज्ञानिक, परामर्श मनोवैज्ञानिक, तालिमप्राप्त परामर्शदाता, मनोसामाजिक कार्यकर्ता, नर्स तथा समुदायस्तरका स्वास्थ्यकर्मीबीच समन्वय आवश्यक हुन्छ। पर्याप्त तालिम, व्यावसायिक सुपरिवेक्षण, स्पष्ट कार्यक्षेत्र र गुणस्तर सुनिश्चित गर्ने व्यवस्था नभएमा सेवाको प्रभावकारिता कमजोर हुन सक्छ।

**चौथो चुनौती, बालबालिका, किशोरकिशोरी र युवाको बढ्दो मनोसामाजिक दबाब**

परीक्षाको प्रतिस्पर्धा, अभिभावकको अपेक्षा, बेरोजगारी, सामाजिक सञ्जालको दबाब, सम्बन्धमा आउने समस्या र भविष्यप्रतिको अनिश्चितताले उनीहरूको मानसिक स्वास्थ्य प्रभावित गर्न सक्छ। विद्यालय र विश्वविद्यालयमा विद्यार्थीले डर वा लाज नमानी सहयोग माग्न सक्ने वातावरण अझै पर्याप्त रूपमा स्थापित हुन सकेको छैन।

**पाँचौं चुनौती, सामाजिक तथा आर्थिक असुरक्षा**

गरिबी, वैदेशिक रोजगारीसँग जोडिएको पारिवारिक विछोड, प्राकृतिक विपद्, हिंसा, लैङ्गिक विभेद, अपाङ्गतासम्बन्धी अवरोध र सामाजिक बहिष्करणले मानसिक स्वास्थ्यमा असर पार्न सक्छन्। नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र विविध सामाजिक अनुभव भएको देश हो। त्यसैले मानसिक स्वास्थ्य सेवा स्थानीय भाषा, संस्कृति, सामाजिक परिस्थिति र व्यक्तिको आवश्यकताप्रति संवेदनशील हुनुपर्छ।

**सरकारका लागि नीतिगत प्राथमिकता**

नेपाल सरकारले मानसिक स्वास्थ्यलाई स्वास्थ्य प्रणालीको परिधिमा सीमित विषयका रूपमा नभई राष्ट्रिय विकास, शिक्षा, रोजगारी, सामाजिक न्याय र मानव अधिकारसँग जोडिएको प्राथमिकताका रूपमा लिनुपर्छ। यसका लागि निम्न कदम आवश्यक छन्।

**१. प्राथमिक स्वास्थ्य सेवामा मानसिक स्वास्थ्य समावेश**

प्रत्येक स्थानीय तहमा उपलब्ध स्वास्थ्य सेवामार्फत मानसिक स्वास्थ्यसम्बन्धी प्रारम्भिक पहिचान, परामर्श, आधारभूत उपचार, आवश्यक रेफरल र फलोअपको व्यवस्था बलियो बनाउनुपर्छ। स्वास्थ्यकर्मीलाई उपयुक्त तालिम दिनुका साथै जटिल अवस्थाका लागि विशेषज्ञ सेवासँग प्रभावकारी सम्पर्क स्थापित गर्नुपर्छ।

**२. मानसिक स्वास्थ्य बजेट र जनशक्तिमा लगानी बढाउने**

नीति र रणनीति घोषणा गर्नु मात्र पर्याप्त हुँदैन। आवश्यक बजेट, दक्ष जनशक्ति, औषधिको उपलब्धता, परामर्श सेवा, तालिम र सुपरिवेक्षण सुनिश्चित गर्नुपर्छ। संघ, प्रदेश र स्थानीय तहबीच जिम्मेवारी स्पष्ट गरी उपलब्ध स्रोतको न्यायोचित वितरण गर्नुपर्छ।

**३. विद्यालय र विश्वविद्यालयमा मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन**

प्रत्येक शैक्षिक संस्थामा मानसिक स्वास्थ्य सचेतना, जीवनोपयोगी सीप, तनाव व्यवस्थापन, बुलिङ तथा हिंसा रोकथाम र सहयोग प्राप्त गर्ने स्पष्ट प्रणाली विकास गर्नुपर्छ। शिक्षक तथा अभिभावकलाई बालबालिकाको व्यवहारमा आउने परिवर्तन बुझ्न र आवश्यक पर्दा विशेषज्ञकहाँ पठाउन तालिम दिनुपर्छ। विद्यार्थीको गोपनीयता र सम्मानलाई अनिवार्य रूपमा सुरक्षित गर्नुपर्छ।

**४. मानसिक स्वास्थ्यसम्बन्धी जनचेतनालाई वर्षभरि निरन्तरता**

विश्व मानसिक स्वास्थ्य दिवस अक्टोबर १० मा मनाइन्छ। तर, एक दिनको कार्यक्रमले वर्षभरिका आवश्यकता पूरा गर्दैन। सञ्चारमाध्यम, स्थानीय सरकार, विद्यालय, स्वास्थ्य संस्था, नागरिक समाज र समुदायको सहकार्यमा नियमित जनचेतना अभियान सञ्चालन गर्नुपर्छ। आत्महत्या रोकथाम, तनाव व्यवस्थापन, लतसम्बन्धी समस्या, पारिवारिक सम्बन्ध र सहयोग खोज्ने प्रक्रियाबारे जिम्मेवार तथा प्रमाणमा आधारित जानकारी दिनुपर्छ।

**५. मानसिक स्वास्थ्य सेवालाई समावेशी र अधिकारमुखी बनाउने**

महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व वा विपद्बाट प्रभावित समुदाय र सीमान्तकृत समूहका आवश्यकतालाई सम्बोधन गर्नुपर्छ। सेवाग्राहीको सूचित सहमति, गोपनीयता, मर्यादा र निर्णयमा सहभागितालाई सुनिश्चित गर्नुपर्छ। मानसिक स्वास्थ्य समस्याका कारण कुनै पनि व्यक्तिमाथि हुने विभेद रोक्न कानुन र व्यवहार दुवै प्रभावकारी हुनुपर्छ।

**६. अनुसन्धान, तथ्याङ्क र जवाफदेहितालाई प्राथमिकता दिने**

मानसिक स्वास्थ्य सेवाको आवश्यकता, पहुँच, गुणस्तर र परिणामबारे नियमित तथ्याङ्क सङ्कलन तथा अनुसन्धान गर्नुपर्छ। विश्वविद्यालय, अनुसन्धान संस्था, व्यावसायिक संगठन र सरकारबीच सहकार्य बढाउनुपर्छ। कार्यक्रम कति पटक सञ्चालन भयो भन्ने मात्र होइन, त्यसबाट मानिसले कस्तो लाभ पाए भन्ने आधारमा

–बाँकी तीन पेजमा

*नेपालमा मानसिक...*

मूल्याङ्कन गर्नुपर्छ।

**७. संकटका बेला सहयोग पाउने व्यवस्था सुदृढ गर्ने**

आत्महत्याको जोखिम, गम्भीर मानसिक संकट, हिंसा वा दुर्व्यवहारको अवस्थामा तत्काल सहयोग र उपयुक्त उपचार उपलब्ध हुने प्रणाली विकास गर्नुपर्छ। समुदायमा सहयोगका स्पष्ट सम्पर्क बिन्दु, प्रशिक्षित जनशक्ति र आवश्यक रेफरल सेवाको व्यवस्था हुनुपर्छ।

**अबको बाटोः सहानुभूति, सहकार्य र निरन्तरता**

मानसिक स्वास्थ्यको सुधार केवल सरकार वा स्वास्थ्यकर्मीको जिम्मेवारी होइन। परिवारले आफ्ना सदस्यको कुरा ध्यानपूर्वक सुन्ने, विद्यालयले विद्यार्थीलाई सुरक्षित वातावरण दिने, कार्यस्थलले मानवीय व्यवहार गर्ने, सञ्चारमाध्यमले संवेदनशील भाषा प्रयोग गर्ने र समुदायले सहयोग खोज्ने व्यक्तिलाई सम्मान गर्ने संस्कृतिको विकास गर्नुपर्छ।

मनोवैज्ञानिकका रूपमा हाम्रो दायित्व मानिसलाई समस्या नभएको देखाउनु होइन समस्या हुँदा पनि सहयोग उपलब्ध छ भन्ने विश्वास दिलाउनु हो। सबै दुःखलाई रोगका रूपमा व्याख्या गर्नु उचित हुँदैन। तर, गम्भीर पीडालाई सामान्य भनेर बेवास्ता गर्नु पनि त्यत्तिकै हानिकारक हुन्छ। सही समयमा गरिएको पहिचान, सहानुभूतिपूर्ण संवाद र प्रमाणमा आधारित सहयोगले व्यक्तिको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्छ।

सन् २००७ देखि मानसिक स्वास्थ्य दिवसको अभियानलाई अगाडि बढाउने प्रयासले एउटा महत्त्वपूर्ण सन्देश दिन्छ—परिवर्तन सधैँ ठूलो संरचनाबाट मात्र सुरु हुँदैनन्न कहिलेकाहीँ केही प्रतिबद्ध व्यक्तिको सानो पहलले पनि सार्वजनिक संवादको ढोका खोल्छ। म पदमराज जोशी र सहकर्मीहरूको उक्त पहललाई नेपालको मानसिक स्वास्थ्य चेतना यात्राको एउटा महत्त्वपूर्ण प्रसङ्कका रूपमा स्मरण गर्न सकिन्छ। तर, अबको आवश्यकता विगतको योगदानको प्रशंसा गरेर मात्र रोकिनु होइन, त्यसबाट सिक्दै संस्थागत र दीर्घकालीन परिवर्तनतर्फ अघि बढ्नु हो।

अन्ततः मानसिक स्वास्थ्यमा लगानी गर्नु खर्च बढाउनु होइन, मानव जीवनको गुणस्तर, सामाजिक सम्बन्ध, उत्पादकता र राष्ट्रिय समृद्धिमा लगानी गर्नु हो। सरकारले नीति, बजेट र सेवामार्फत नेतृत्व लिनुपर्छन्र व्यावसायिक क्षेत्रले गुणस्तरीय सेवा र नैतिक अभ्यास सुनिश्चित गर्नुपर्छन्र र नागरिक समाजले जनचेतना तथा पैरवीलाई निरन्तरता दिनुपर्छ।

हामीले मानसिक स्वास्थ्यलाई लुकाउनुपर्ने विषयबाट छलफल गर्न सकिने विषयमा, विभेदको कारणबाट सहयोगको आधारमा र व्यक्तिगत बोझबाट साझा सामाजिक जिम्मेवारीमा रूपान्तरण गर्न सके मात्र स्वस्थ र संवेदनशील समाज निर्माण गर्न सक्छौँ। मानिसको मनको पीडालाई सुन्ने समाज नै वास्तवमा मानवीय समाज हो।

*लेखकः पदमराज जोशी, वरिष्ठ मनोवैज्ञानिक, मानसिक स्वास्थ्य पैरवीकर्ता हुन्। बाह्रखरीबाट*

*संरक्षणमा ध्यान ...*

डा. यादवले आफ्नो कार्यकालमा चुरे संरक्षणको मुद्दालाई उच्च प्राथमिकतामा राखेको स्मरण गरे। चुरे क्षेत्रको विनाश रोक्नसके मात्रै हिमालको हिउँ जोगिने, पहाडको पर्यावरण सुरक्षित हुने र तराईको उर्वर भूमि मरुभूमीकरण हुनबाट बच्ने बताए।

‘राष्ट्रपति हुँदा मैले चुरे संरक्षणको आवश्यकता औँल्याउँदै आएको थिएँ। चुरे जोगाउनसके हिमालको हिउँ, पहाडको वातावरण र तराईको उर्वर भूमि संरक्षण गर्न सकिन्छ तर सरकारले र राजनीतिक दलहरूले यस विषयलाई गम्भीरतापूर्वक लिएनन्,’ उनले भने। उनले विश्वव्यापी रूपमा जलवायु परिवर्तनसम्बन्धी वैज्ञानिकको संस्थाले दिइरहेको चेतावनी र तथ्यपरक रिपोर्टलाई समेत बेवास्ता गर्ने प्रवृत्तिप्रति चिन्ता व्यक्त गरे। अमेरिका लगायतका केही मुलुकका शक्तिशाली नेतृत्वले नै जलवायु परिवर्तनको बहसलाई ‘फ्रड’ भन्दुले पृथ्वीको भविष्य थप संकटमा परेको उनको भनाइ छ।

‘विश्वले अहिले वातावरणीय संकट र ग्लोबल वार्मिङको गम्भीर चुनौती भोगिरहेको छ तर यस विषयमा विश्वका नेतृत्व र हाम्रो देशका राजनीतिक दलहरूमा समेत आवश्यक दूरदृष्टि देखिएको छैन,’ उनले भने। वातावरणीय मुद्दामा देखिएको राजनीतिक उपेक्षाले मानव अस्तित्व र प्राकृतिक स्रोत–साधनको दोहनलाई थप जटिल बनाउने उनको भनाइ छ। नेपालले वातावरण संरक्षमा जोड दिनुपर्ने यादवले बताए। ‘अब पनि हामीले वातावरण संरक्षणलाई प्राथमिकतामा राखेनौँ भने यसको गम्भीर असर भविष्यका पुस्ताले भोग्नुपर्नेछ,’ डा. यादवले भने। कार्यक्रममा शताब्दी महिला नानिबाबा प्रधानलाई नेवारी संस्कृतिअनुसार कदरपत्रसहित सम्मान गरिएको छ। उनले मधुमेही समाजका लागि सबैभन्दा बढी योगदान र अनुदान समेत दिएकी छन्।

# दुई जिल्लाको बजार अनुगमन गर्ने कार्यालयमा एक जना मात्रै कर्मचारी

**जनार्जन खत्री**

सर्लाही, २४ असोज। सर्लाही सदरमुकाम मलङ्गवामा रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयले सर्लाही र रौतहट गरी दुई जिल्लाको कार्यक्षेत्र हेर्दै आएको छ। तर, आश्चर्यको विषय, दुई जिल्लाको जिम्मेवारी सम्हाल्ने यस कार्यालयमा एक जना मात्रै कर्मचारी कार्यरत छन्। उनी पनि निमित्त कार्यालय प्रमुख हुन्।



नायब सुब्बा दिनेश ढुङ्गाना खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय मलङ्गवामा निमित्त कार्यालय प्रमुखका रूपमा एक्लै काम गरिरहनुभएको छ। उहाँलाई सहयोग गर्न करारमा नियुक्त एक जना कार्यालय सहयोगी दिलबहादुर चौधरी मात्रै हुनुहुन्छ।

शाखा अधिकृतस्तरका कार्यालय प्रमुख तथा खाद्य अनुसन्धान अधिकृत भरतबहादुर पुरी गत वैशाखमा अनिवार्य अवकाशमा गएपछि उक्त पद रिक्त छ। त्यसयता कार्यालयमा नयाँ खाद्य अनुसन्धान अधिकृत पठाइएको छैन।

प्राविधिक सहायक (नायब सुब्बा) अनुराधा यादव पनि कम्तीमा तीन महिनाका लागि सुत्केरी बिदामा हुनुहुन्छ। त्यसैले चाडपर्वका बेला सर्लाही वा रौतहटमा बजार, पसल तथा व्यवसायको अनुगमन गर्नुपर्ने सूचना आएमा निमित्त कार्यालय प्रमुख ढुङ्गाना आफैँ खटिनुपर्ने अवस्था छ। आफू अनुगमनमा निस्किएको समयमा कार्यालय सहयोगीलाई पनि अन्यत्र पठाउनुपरे कार्यालय नै बन्द गर्नुपर्ने बाध्यता रहेको ढुङ्गानाले बताउनुभयो। उहाँले भन्नुभयो, “सकेसम्म कार्यालय सहयोगीलाई कार्यालयमा राखेर म आफैँ अनुगमनमा निस्कन्छु। उहाँलाई पनि कतै पठाउनुपर्‍यो भने कार्यालयमा ताला नै लगाउनुपर्ने हुन्छ।”

कर्मचारीको चरम अभावका बीच पनि जिम्मेवारीअनुसार काम गरिरहेको उहाँले बताउनुभयो। खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयको जिम्मेवारी बजार, उद्योग तथा व्यवसायको अनुगमन गर्ने, खाद्य नमुना सङ्कलन गर्ने, गुणस्तर परीक्षण गर्ने, कमसल वस्तुको बिक्रीमा रोक लगाउने र लापरबाही गर्नेलाई कारबाही गर्नेसम्मको छ।

विडम्बना, उपभोक्तालाई स्वच्छ, गुणस्तरीय र सुरक्षित खाद्य पदार्थ उपलब्ध गराउन खाद्य ऐन तथा नियमको कार्यान्वयन र बजार नियमन गर्ने जिम्मेवारी पाएको कार्यालयमै पर्याप्त कर्मचारी छैनन्। सर्लाहीका २० र रौतहटका १८ गरी ३८ वटा स्थानीय तहमा दर्जनौँ बजार छन्। मुख्य बजारबाहेक अधिकांश स्थानमा नियमित अनुगमन हुन सकेको छैन। बजारमा म्याद गुज्रिएका र लेबल नभएका वस्तु खुलेआम बिक्री हुने गरेका छन्। चाडपर्वका बेला त झन् बढी लापरबाही हुने गरेको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय मलङ्गवाले उद्योग वाणिज्य संघ र लालबन्दी नगरपालिका कार्यालयसँग समन्वय गरी लालबन्दी र नवलपुर बजारमा एक साताभित्र तीन पटक अनुगमन गरेको छ। उक्त अनुगमनका क्रममा मुख्य बजारमै ठूलो परिमाणमा अखाद्य वस्तु फेला परेका छन्।

कर्मचारी अभावका कारण लालबन्दी बजारमा गरिएको अनुगमनमा कार्यालय सहयोगी दिलबहादुर चौधरीको नेतृत्वमा नगरपालिका र उद्योग वाणिज्य संघका प्रतिनिधिसहितको टोली परिचालन गर्नुपरेको थियो।

मधेश प्रदेश खाद्य प्रविधि तथा गुण नियन्त्रण प्रादेशिक कार्यालय जनकपुरका प्रमुख एवं वरिष्ठ खाद्य अनुसन्धान अधिकृत विमलकुमार दाहालले देशभर खाद्य प्रविधि तथा गुण नियन्त्रणसम्बन्धी काम गर्ने कर्मचारीको संख्या तीन सयको हाराहारीमा मात्रै रहेकाले जनशक्तिको अभाव भएको बताउनुभयो।

उहाँले भन्नुभयो, “हाम्रो क्षेत्रमा कर्मचारी नै थोरै छौँ। तर, जति छौँ, सरोकारवाला निकायसँग समन्वय गरेर काम गरिरहेका छौँ।” प्रदेश कार्यालयबाट पनि बेलाबेलामा अनुगमनमा खटिएर डिभिजन कार्यालयलाई सहयोग गरिरहेको दाहालले बताउनुभयो।

उहाँका अनुसार मन्त्रीसहित प्रादेशिक कार्यालयको टोलीले जलेश्वर, लालबन्दी र चन्द्रनिगाहपुरलगायत स्थानमा पुगेर अनुगमन गरेको छ। दाहालका अनुसार जनकपुरस्थित प्रादेशिक कार्यालयले धनुषा, राजविराजस्थित डिभिजन कार्यालयले सप्तरी र सिरहा, जलेश्वरस्थित कार्यालयले महोत्तरी, मलङ्गवास्थित कार्यालयले सर्लाही र रौतहट तथा वीरगन्जस्थित कार्यालयले पर्सा र बाराको कार्यक्षेत्र हेर्ने गरेका छन्।

कर्मचारीको संख्या कम भएकाले बजार, होटल, उद्योग तथा व्यवसायको अनुगमनमा जाँदा स्थानीय प्रहरी प्रशासन, पालिका तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी जनशक्ति माग गर्ने गरिएको उहाँले बताउनुभयो। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल, काठमाडौँकी सूचना अधिकारी कृष्टि रोकाले विभागमा समेत कर्मचारी अभाव रहेको बताउनुभयो। उहाँले भन्नुभयो, “डिभिजन कार्यालयमा जस्तै विभागमा पनि कर्मचारी थोरै नै छौँ।”

नागरिक समाज सर्लाहीका अध्यक्ष उग्रकान्त झाले नागरिकको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको कार्यालयलाई पर्याप्त कर्मचारी र प्राविधिक जनशक्ति उपलब्ध नगराउनु राज्यको उदासीनता भएको बताउनुभयो। उहाँले यस्तो अत्यावश्यक र महत्त्वपूर्ण कार्यालयमा आवश्यक कर्मचारी तथा प्राविधिकको व्यवस्था गरी नियमित बजार अनुगमन गर्नुपर्नेमा जोड दिनुभयो।

प्राविधिक जनशक्ति र परीक्षणको उचित व्यवस्थाबिना बेलाबेलामा गरिने बजार अनुगमन प्रभावकारी हुन नसक्ने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, “अनुगमनको जिम्मेवारी पाएको कार्यालयकै अवस्था यस्तो छ। यस विषयमा सरकारले गम्भीरता देखाउनुपर्छ।”

# ‘हामी आउँदैछौँ’ भन्दै गाउँ पसेका रास्वपा नेतालाई मधेसबारे यस्तो सुझाव

काठमाडौँ, २४ असोज। ‘हामी आउँदैछौँ’ भन्ने नारासहित जिल्ला दौडाहामा निस्किएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेताहरूलाई तराई–मधेसको अवस्थाबारे सोही पार्टीका एक नेताले ध्यानाकर्षण गराएका छन्। रास्वपा नेता इन्जिनियर सुरेन्द्रनारायण यादवले तराई–मधेस क्षेत्रमा पार्टीको सङ्गठनात्मक सुदृढीकरण, जनविश्वास अभिवृद्धि र आगामी स्थानीय तथा प्रदेशसभा निर्वाचनको तयारीसम्बन्धी नीतिगत सुझावसहित नेतृत्वको ध्यानाकर्षण गराएका हुन्।

उनले पार्टी सभापति रवि लामिछानेसहित अन्य शीर्ष नेताहरूलाई पत्रमार्फत सो सुझाव दिएका छन्। यादवले झापादेखि कञ्चनपुरसम्मका तराईका जिल्लाहरूको सङ्गठनात्मक तथा राजनीतिक अवस्थाको व्यवस्थित अध्ययन गर्न माग गरेका छन्। मधेस प्रदेशसहित सम्बन्धित प्रदेश र जिल्ला तहमा स्थानीय प्रतिनिधि, कार्यकर्ता तथा नागरिकसँग प्रत्यक्ष संवाद गर्नुपर्नेमा उनले जोड दिएका छन्। साथै स्थानीय समस्या र जनअपेक्षामा आधारित रहेर निर्वाचनको तयारी र नीतिगत प्राथमिकता निर्धारण गर्नुपर्ने उनको सुझाव छ।

आगामी स्थानीय तह र प्रदेशसभा निर्वाचनका लागि उम्मेदवार छनोटको मापदण्ड, प्रक्रिया र जिम्मेवारी स्पष्ट पार्न यादवले माग गरेका छन्। उनले पार्टीमा लागु भएको 'कुलिङ पिरियड' लगायतका प्रावधान निष्पक्ष र समान रूपमा कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन्। पार्टीका केन्द्रीय पदाधिकारी, सङ्गठन विभाग तथा सम्बन्धित प्रदेश र जिल्ला प्रतिनिधिहरूलाई बोधार्थ दिँदै पठाइएको पत्रमा पूर्वी तराईका झापा, मोरङ, सुनसरीदेखि मधेस प्रदेश हुँदै पश्चिमका बारा, पर्सा, नवलपरासी, रुपन्देही, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरसम्मको विविधतालाई आगामी निर्वाचन रणनीतिमा समेट्नुपर्ने उल्लेख छ। सम्पूर्ण तराई क्षेत्रमा स्थानीय समुदाय, युवा, महिला, किसान, श्रमिक, व्यवसायी तथा विभिन्न सामाजिक समूहका आवश्यकता र अपेक्षा बुझ्ने संयन्त्र बनाउन यादवले माग गरेका छन्।

तराई–मधेसका विभिन्न क्षेत्रका आवश्यकता र चुनौती फरक–फरक हुन सक्ने भएकाले एकै प्रकारको रणनीतिभन्दा स्थानीय वास्तविकतामा आधारित कार्ययोजना आवश्यक रहेको उनको बुझाइ छ। उम्मेदवार छनोटको विषय पार्टीको विश्वसनीयता र सङ्गठनात्मक एकतासँग प्रत्यक्ष जोडिने भएकाले यसमा गम्भीर हुन उनले नेतृत्वलाई सचेत गराएका छन्।

उम्मेदवार छनोटसम्बन्धी विधान, आधिकारिक मापदण्ड र प्रक्रियाबारे सम्बन्धित प्रदेश, जिल्ला र स्थानीय सङ्गठनलाई बेलैमा जानकारी दिनुपर्ने यादवले बताएका छन्। व्यक्तिगत पहुँच, चिनजान, सिफारिस वा प्रचारमा देखिने उपस्थितिलाई मात्र उम्मेदवारीको आधार नबनाई निर्धारित विधि र वस्तुगत मूल्याङ्कनलाई प्राथमिकता दिन ध्यानाकर्षण पत्रमा उल्लेख छ। पार्टीमा नयाँ व्यक्तिलाई प्रवेश गराउनु र अवसर दिनु आवश्यक रहे पनि स्थापनाकालदेखि निरन्तर सक्रिय कार्यकर्ताको योगदानको सम्मान गर्नु उत्तिकै महत्त्वपूर्ण रहेको यादवले स्मरण गराएका छन्। नयाँ प्रवेश गर्ने व्यक्तिका लागि लागु हुने योग्यता, कुलिङ पिरियड र अन्य मापदण्ड स्पष्ट र समान रूपमा कार्यान्वयन गर्न उनले जोड दिएका छन्।

यादवले आफ्नो पत्रको निष्कर्षमा लेखेका छन्, ‘पार्टीको दीर्घकालीन सफलता निर्वाचनमा उम्मेदवार उठाउने वा सङ्गठन विस्तार गर्ने कार्यमा मात्र निर्भर हुँदैन। स्थानीय नागरिकका समस्या बुझ्ने, योग्य नेतृत्व विकास गर्ने, आन्तरिक लोकतन्त्र कायम राख्ने र सार्वजनिक प्रतिबद्धताअनुसार जवाफदेही रहने क्षमतामा पनि निर्भर हुन्छ।’

# दशैँका लागि सजाइयो राजदेवी मन्दिर



**लक्ष्मी चौधरी**

जनकपुरधाम, २४ असोज। विजया दशमी नजिकिएसँगै जनकपुरधामस्थित प्रसिद्ध राजदेवी मन्दिरलाई आकर्षक रूपमा सजाइएको छ। दशैँमा हुने विशेष पूजाआराधना र भक्तजनको भीडलाई ध्यानमा राख्दै मन्दिरमा सजावटसँगै सुरक्षा तथा दर्शन व्यवस्थापनको तयारीसमेत तीव्र पारिएको छ। मिथिलाको धार्मिक, सांस्कृतिक र ऐतिहासिक पहिचानसँग जोडिएको राजदेवी मन्दिरको मुख्य प्रवेशद्वारदेखि गर्भगृहसम्म रङ्गीन बत्ती, फूलमाला र तोरणले सजाइएको छ। राजा जनकको कुलदेवीका रूपमा श्रद्धा गरिने राजदेवी मन्दिरमा दशैँका अवसरमा विशेष पूजाआराधना हुने गर्छ।

मन्दिरलाई आकर्षक बनाउन भारतबाट सजावटी सामग्री ल्याएर प्रयोग गरिएको पूजा व्यवस्थापन समितिले जनाएको छ। पूजाआराधनासँगै सांस्कृतिक गतिविधि र मनोरञ्जनका कार्यक्रमसमेत सञ्चालन गर्ने तयारी गरिएको छ। राजदेवी मन्दिरमा विशेषगरी महाअष्टमी, महानवमी र विजया दशमीका दिन भक्तजनको उल्लेख्य भीड लाग्ने गर्छ। मिथिला क्षेत्रका विभिन्न स्थानका साथै अन्य जिल्ला र भारतबाट समेत श्रद्धालु यहाँ दर्शन तथा पूजाआराधनाका लागि आउने गर्छन्।

महावीर युवा कमिटीका अध्यक्ष दीपककुमार साहका अनुसार मन्दिरमा पूजाआराधना र दर्शनलाई व्यवस्थित बनाउन विभिन्न समिति तथा उपसमिति गठन गरी जिम्मेवारी बाँडफाँट गरिएको छ। भक्तजनको सेवामा ५० जना स्वयंसेवक परिचालन गर्ने तयारी गरिएको उहाँले बताउनुभयो। उहाँका अनुसार मूलपूजा, कालरात्रि पूजा, सुरक्षा, महाप्रसाद वितरण, खोइँछ भराइ, सजावट, लाइन व्यवस्थापन, रावण दहन, विजय जुलुस, मनोरञ्जन मेला र सरसफाइका लागि छुट्टाछुट्टै जिम्मेवारी तोकिएको छ। यस वर्षको उत्सवलाई विगतका वर्षभन्दा अझ व्यवस्थित र भव्य बनाउने लक्ष्य राखिएको उहाँले जानकारी दिनुभयो।

भक्तजनको भीड व्यवस्थापन गर्न महिला र पुरुषका लागि छुट्टाछुट्टै दर्शन लाइनको व्यवस्था गरिएको छ। मन्दिर परिसरमा सीसीटीभी क्यामेराबाट निगरानी गर्ने, प्रवेशद्वारमा स्वयंसेवक खटाउने र सुरक्षासम्बन्धी समितिलाई सक्रिय बनाउने तयारी गरिएको अध्यक्ष साहले बताउनुभयो। दशैँका अवसरमा मन्दिर परिसरमा सांस्कृतिक गतिविधि सञ्चालन गर्नुका साथै आगन्तुकको मनोरञ्जनका लागि खेल सामग्रीसमेत राखिने उहाँले जानकारी दिनुभयो। बोका बलिको रसिद शुल्क बढाउने वा यथावत् राख्ने भन्ने विषयमा भने पूजा समितिको बैठकबाट निर्णय गरिने उहाँको भनाइ छ।

हजारौँ श्रद्धालु सहभागी हुने धार्मिक उत्सवको व्यवस्थापनका लागि तीनै तहका सरकारले बजेट विनियोजन नगरेको भन्दै आयोजक पक्षले असन्तुष्टि जनाएको छ। अध्यक्ष साहले यति ठूलो धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको पर्वको व्यवस्थापनमा सरकारी निकायबाट पनि सहयोग हुनुपर्ने बताउनुभयो। दशैँ मिथिला क्षेत्रमा धार्मिक आस्था, पारिवारिक पुनर्मिलन र सांस्कृतिक परम्परासँग जोडिएको प्रमुख पर्व हो। राजदेवी मन्दिरमा हुने विशेष पूजाआराधना र सामुदायिक सहभागिताले यस क्षेत्रको धार्मिक तथा सांस्कृतिक पहिचानलाई निरन्तरता दिँदै आएको छ।

# दसैँको बिदामा पनि पक्राउ पुर्जी, बन्दी प्रत्यक्षीकरणको निवेदन सुनुवाइ हुने




सिरहा, २४ असोज। सिराहा जिल्ला अदालतले हिन्दु नेपालीहरूको ठुलो चाड बडादसैँको १५ दिने बिदा अवधिमा अदालत बन्द रहने भए पनि बन्दी प्रत्यक्षीकरणको निवेदन सुनुवाइ, जरुरी पक्राउ पुर्जी जारी र अनुमतिसम्बन्धी सेवा सुचारु रहने बताएको छ। अदालतका श्रेस्तेदार–उपसचिव दिनेश सुवेदीले शुक्रबार सूचना जारी गर्दै विशेष व्यवस्थाअन्तर्गतका कार्यहरूका लागि २५ असोजदेखि ८ कात्तिकसम्म शनिबार, घटस्थापना र विजयादशमीबाहेकका दिनहरूमा बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म अदालत खुला रहने जानकारी दिए।

सूचनामा अदालत खुला भएको दिन अपराह्न १ बजेसम्म दर्ता हुन आएका बन्दी प्रत्यक्षीकरणसम्बन्धी निवेदनहरू सोही दिन सुनुवाइ हुने र त्यसपछि दर्ता हुने निवेदनहरू त्यसको भोलिपल्ट सुनुवाइ हुने व्यवस्था मिलाइएको उल्लेख छ।

# बेमौसमी वर्षाले धानको पाँजा भिजेपछि किसान चिन्तित



सर्लाही, २४ असोज। बेमौसमी वर्षाले खेतमा सुकाउन राखिएको धानको पाँजा भिजाएपछि सर्लाहीका किसान चिन्तित बनेका छन्। सर्लाहीमा शुक्रबार रातिदेखि मेघगर्जनसहित वर्षा भइरहेको छ। यसअघि बिहीबार पनि वर्षा हुँदा खेतमा सुकाउन राखिएको धान भिजेको थियो। शुक्रबार रातिदेखि मौसम प्रतिकूल बनेपछि काटेर खेतमा राखिएको धानको पाँजा भिज्दा किसान समस्यामा परेका हुन्। हरिवन नगरपालिका–५, घुर्कौलीका किसान टेकबहादुर पाखिनले आफूले फाट्टफुट्ट काटेर खेतमा राखेको धान वर्षाले भिजाएको बताउनुभयो। वर्षाका कारण पाकिसकेको थप धानबालीसमेत काट्न नपाएको पाखिनले बताउनुभयो। मौसम खुल्ने र धान काट्न पाइने आशामा बसेका किसान निरन्तरको झरीले मारमा परेका छन्।

शुक्रबार राति सर्लाहीका केही स्थानमा भारी वर्षासमेत भएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार सर्लाहीको नवलपुरस्थित जलमापन केन्द्रमा ६१.२ मिलिमिटर र मनुषमारा जलमापन केन्द्रमा ५३.४ मिलिमिटर वर्षा मापन भएको छ। कृषि ज्ञान केन्द्र सर्लाहीले मौसम प्रतिकूल रहेकाले तत्काल धान नकाट्न किसानलाई आग्रह गरेको छ। केन्द्रका सूचना अधिकारी एवं बाली विकास अधिकृत कविन्द्रसिंह ठगुन्नाले छिटो पाक्ने भदैया जातको धान काट्ने समय भए पनि मौसम खराब रहेकाले धान काट्न हतार नगर्न आग्रह गर्नुभयो।

उहाँका अनुसार यस वर्ष सर्लाहीमा ४१ हजार हेक्टर क्षेत्रफलमा धानखेती गरिएको छ। यसैबिच, दसैँको मुखमा निरन्तर वर्षा हुँदा खोलामा बाढी आएको छ। बाढीका कारण चुरे क्षेत्रका स्थानीयलाई लालबन्दी बजारसम्म आवतजावत गर्न निकै समस्या भइरहेको छ।

# म्याजिक भ्यान र मोटरसाइकल ठोक्किँदा युवकको मृत्यु

सर्लाही, २४ असोज। नवलपुर–मलङ्गवा सडकखण्डस्थित सर्लाहीको हरिपुर नगरपालिका–८, जगतपुर स्कुलअगाडि शनिबार म्याजिक र मोटरसाइकल ठोक्किँदा एक युवकको मृत्यु भएको छ। दुर्घटनामा मोटरसाइकल चालक मलङ्गवा नगरपालिका–७, गणेशियाका ३० वर्षीय अरविन्द साहको मृत्यु भएको हो। साहलाई प्रादेशिक अस्पताल मलङ्गवा लैजाँदा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

पूर्वपश्चिम महेन्द्र राजमार्गस्थित नवलपुरबाट मलङ्गवातर्फ जाँदै गरेको ना १ ज ६३०८ नम्बरको म्याजिक र मलङ्गवाबाट नवलपुरतर्फ आउँदै गरेको मधेश प्रदेश ०२–०१० प २२२१ नम्बरको मोटरसाइकल ठोक्किँदा मोटरसाइकल चालक साहको मृत्यु भएको हो। दुर्घटनामा संलग्न म्याजिक र चालकलाई नियन्त्रणमा लिइएको सर्लाही प्रहरीका प्रवक्ता एवं डिएसपी वेदप्रसाद गौतमले जानकारी दिनुभयो।

# कुशवाहा समाजको अध्यक्षमा रामनारायण मेहता



**विनय कर्ण**

सप्तरी, २४ असोज। नेपाल कुशवाहा कल्याण समाज सप्तरीको अध्यक्षमा रामनारायण मेहता निर्वाचित हुनुभएको छ। शनिबार सम्पन्न भएको पाँचौं जिल्ला अधिवेशनबाट अध्यक्ष पदमा रामनारायणले ५७ मत ल्याउँदा निकटतम प्रतिद्वन्दी चेत नारायण मेहता ५६ मत ल्याई एक मतको झिनो मतान्तरले पराजित हुनुभयो।

सहमतिबाट नयाँ नेतृत्व चयन गर्ने प्रयास असफल भएपछि निर्वाचन प्रक्रियाबाटै मेहताको नेतृत्वमा २५ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित भएको निर्वाचन समितिका संयोजक जय प्रकाश महतोले जानकारी दिनुभयो। संस्थाको उपाध्यक्षमा शुभकलाल महतो, महिला उपाध्यक्षमा मुनी मेहता, सचिवमा राजाबाबु मेहता, सह सचिवमा रामशरण महतो र कोषाध्यक्षमा सूर्यनारायण महतो निर्वाचित हुनुभएको छ।

यस्तै १९ सदस्यमध्ये १२ जना पुरुष र सात जना महिला निर्वाचित भएको निर्वाचन समितिका संयोजक महतोले जानकारी दिनुभयो। चार वर्षे कार्यकालका लागि भएको निर्वाचनमा १ सय २१ जनाले मतदान गरेका थिए। अध्यक्ष पदमा निर्वाचित मेहता यस अघि संस्थाको सल्लहाकारको जिम्मेवारीमा रहनुभएको थियो। जितपछि उनले सबैको साथ र सहयोग लिएर जातीय संस्थाको उत्थान र सशक्तिकरणका लागि काम गर्ने प्रतिबद्धता जनाउनुभयो।

# घर सफाइ गर्ने क्रममा करेन्ट लागेर महिलाको मृत्यु

**शिवशंकर मिश्रा**

बारा, २४ असोज। बाराको जितपुरसिमरा उपमहा नगरपालिका–१४, बेहरामा घर पछाडि सरसफाइ गर्ने क्रममा करेन्ट लागेर एक महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा स्थानीय ४५ वर्षीया सिरिया देवी महतो रहनुभएको छ। शनिबार दिउँसो करिब १:५० बजे सरसफाइ गर्ने क्रममा नाङ्गो विद्युत् तार छुँदा उहाँलाई करेन्ट लागेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

करेन्ट लागेर गम्भीर घाइते हुनुभएकी महतोलाई श्रीमान् रामचन्द्रले उपचारका लागि सिमरास्थित सिटी स्टार अस्पताल पुऱ्याउनुभएको थियो। अस्पतालका चिकित्सकले दिउँसो २ बजे उहाँलाई मृत घोषणा गरेका थिए। घटनाबारे जानकारी पाएपछि इलाका प्रहरी कार्यालय सिमराबाट प्रहरी निरीक्षक विनोद राज खत्रीको नेतृत्वमा खटिएको प्रहरी टोलीले घटनास्थलमा पुगेर अनुसन्धान सुरु गरेको छ। मृतकको शव सोही अस्पतालमा रहेको जिल्ला प्रहरी कार्यालय बाराका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक विमल खतिवडाले जानकारी दिनुभयो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट** : **मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)